


# माया

(निबन्धसङ्ग्रह)

नइ प्रकाशन

# माया

राजेश्वर देवकोटा

प्रकाशक : नई प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स: ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
प्रुफरिडर : उपेन्द्र सुवेदी
आवरण सज्जा : बुद्ध प्रधान
मुद्रक : मोडर्न प्रिन्टिङ प्रेस
© सुरक्षित, २०६८ साल (2011A.D.)
मोल : पचास रुपियाँ

*ISBN: 978-9937-509-3-0-5*

**MAYA**

Eassays by Rajeshwar Devkota

# विषयसूची

**प्रकाशकीय** • ७

**माया** (लेखकीय) • ९

**निबन्धक्रम**

१. मायादेवी र मेरो अनुभूति • १३
२. मायादेवी र पारिवारिक जीवन • १५
३. मायादेवी, श्रम र सम्मान • १७
४. मायादेवी र दाम्पत्य जीवन • १९
५. मायादेवीको शिक्षा • २५
६. मायादेवीको घर माइती • २७
७. मायादेवी र हाम्रो परिवार • ३२
८. मायादेवीको तीर्थाटन • ३७
९. मायादेवी र दण्ड विधान • ४३
१०. मायादेवी ! सुकृति, विकृति • ४६
११. मायादेवीसँग छुट्टिने दिनहरू • ४९
१२. मायादेवी र म को पहिले ? • ५३

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषासंसारप्रतिको साधना हेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्‌को सिद्धान्तमा आबद्ध छ । नइ प्रकाशनले सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्‌मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

नेपाली भाषासाहित्यमा राजेश्वर देवकोटा सुपरिचित नाउँ हो । राजनीति र साहित्यमा देवकोटाको पहुँच बराबरी देखिए तापनि उहाँको राजनैतिक जीवनचाहिं साहित्यिक जीवनभन्दा जेठो मानिन्छ । यति हुँदाहुँदै पनि उहाँको साहित्यको गद्दी राजनीतिको गद्दीभन्दा भव्य देखिन्छ । यसो त उहाँप्रति राजनैतिक पूर्वाग्रह राख्नेले पनि उहाँलाई स्वच्छ, निर्भीक र तपस्वी राजनीतिज्ञ भनेर सम्मान गर्छन् ।

नेपाली भाषासाहित्यका महारथी राजेश्वर देवकोटाकी धर्मपत्नी मायादेवी देवकोटाको २०६७ साल फागुन २० गते स्वर्गारोहण भयो । मानिसको भौतिक चोलासँग गाँसिएको 'माया' सँग परिचित भएर पनि उहाँ आफ्नी पत्नी मायाको संस्मरणमा डुब्नुभयो । उच्च बौद्धिकताले ओतप्रोत लेखकीय धर्मस्वरूप उहाँद्वारा 'माया' लाई सञ्जीवनी नै प्रदान गरियो । उहाँको खारिएको दार्शनिक चेतनाको गहनत्वबोधसँगको साक्षात्कारमा उहाँद्वारा आँसु, वेदना र प्रेममा चोपलिएको **माया**को सिर्जना भयो । त्यही **माया** नेपाली भाषासाहित्यमा सामाजिक जीवनदर्शन अभिव्यक्त गराउन समर्थ एवम् सफल दाम्पत्यको सूत्रात्मक गाथाले भरिएको निबन्धसङ्ग्रहका रूपमा प्रस्तुत भएको छ ।

**माया**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनको लागि एउटा विशेष गौरवको अवसर हो ।

• *नइ प्रकाशन*

# माया

ममाथि मायादेवीको ऋणको भार ठूलो छ । उनले त आफूलाई ममा समर्पित गरिन्; म त्यसको गाम्भीर्य र मर्म कति बुझ्न सक्छु ! म त उनीप्रति कर्तव्य प्रेम गरेर सतहमा नै गोता खाइरहें । मैले जति शब्दार्पण गरें त्यो अधूरो छ, अपूर्ण छ । नारी जननी हुन्, यिनका अपेक्षा पुरुष धेरै अपूर्ण छ ।

मलाई यो 'माया' लेख्न भाइ नरेन्द्रराज प्रसाई र प्यारी बहिनी इन्दिरा प्रसाईले प्रेरणा गरे– लेखेर उनीहरूकै पोल्टामा हालिदिएको छु ।

२०६८।२।१७ **• राजेश्वर देवकोटा**

# माया

# मायादेवी र मेरो अनुभूति

श्रीकृष्णले भने– बितेका विषयमा शोक नगर्नू । यदुवंशीको आपसको कलहमा उनका छोरा प्रद्युम्न मारिए, उनी आफैँ शोकविह्वल भई एक्लै वन पसे । जसमा चेतना छ त्यसलाई शोकबाट कसले मुक्त गर्न सक्छ ? सन्तका महावाणीहरू कमलको पातमा परेका पानीका थोपा हुन्, टल्किन्छन्, बाहिरबाहिरै तर्किएर जान्छन् । सन्तका वाणी सन्तका लागि हुन्, म त सर्वसाधारण हुँ । मेरो अनुभूतिमा मायादेवी छँदै छिन्, बिहान सबेरै उठेर मेरो खुम्चिएको दोलाइँ मिलाएर ओढाई बाहिर निस्किएकी छन् । मेरो यो अनुभूति भ्रममात्र हो केवल माया हो भनी नमानिदिए मलाई उनको अभाव थाहै हुँदैन । सिद्धहरू भन्छन्– यो संसार माया हो भ्रम हो । हो, मायामा नै बाँचेँ, अब पनि मायामा नै बाँच्छु । सिद्धहरूसित म प्रतिवाद गर्दिन, यति फरक छ– उनले मानवीय अनुभूतिलाई नाघेका छन्, म त अनुभूतिशीलताबाट ओतप्रोत नै छु । मेरी मायादेवी बगैँचा गोडिरहेकी छन्, गाई दुहिरहेकी छन्, पाठपूजा गर्न बसेकी छन् ।

को मायादेवी ? सबैका आफ्नाआफ्ना मायादेवी हुन्छन्, अहिले मैले सम्झिराखिएकी मायादेवी मेरी माया हुन् । सबैका मायादेवी उस्तैउस्तै हुन्छन्– सबै सर्वसाधारणको कथा मेरै जस्तो हो । मेरो कथा मेरो मात्र भए त्यसले अरूलाई मेरो आफ्नो

नजिक कसरी ल्याउला ? अन्यथा त अरूलाई उपदेश दिएर घचेट्ने सिद्ध भइहाल्नेछु– म त अरूलाई आफूतिर तान्छु । सिद्धहरूका लागि जुन माया छ, भ्रम हो, असिद्ध नास्तिकहरूका लागि देह एउटा बरफको टुक्रा हो, पग्लिन्छ बिलाउँछ । म त हृदय भएको प्राणी हुँ त्यहाँ मायालाई स्थान छ । मायादेवी मायाकी प्रतीक हुन् ।

# मायादेवी र पारिवारिक जीवन

कुनै धागोमा उनिएको फूल वैलाउँछ, हृदयमा उनिएको फूल सधैँ फक्रिरहन्छ– मायादेवीको जीवन सम्झिँदै जाँदा कहिल्यै पनि उनलाई मुर्झाएको देखिन, सधैँ उज्याली र प्रसन्न– केवल कान्छी छोरीको निधन हुँदाका दिनबाहेक । त्यति बेला उनी धेरै रोइन् विलाप गरिन् उनले रुने अवसर पाइन् । कान्छो छोरा बित्दा पनि उनी रुन्थिन् होला, म सँगमा थिइनन्– ठूलो छोरालाई बचाउन आफैँ अस्पताल दौड्नुपर्दा उनले त्यो अवसर पाइनन् । उनले एउटालाई पनि बचाउन पाएकोमा सन्तोषको सास फेरिन् । उनको विगत कालको जीवन सम्झिँदै जाँदा त्यो फूल अरू फक्रिन्छ ।

मायादेवी दुःख, कष्ट र सङ्घर्षको आँचमा उझिल्याइएकी सुनकी प्रतिमा हुन्, कठिन परिश्रम गर्ने कृषिवाला हुन् । गाउँमा सबैले कठिन परिश्रम गर्नुपर्ने हुन्छ । त्यति गर्दागर्दै पनि खान नपुग्ने धेरै हुन्छन्, खानसम्म पुग्ने कोहीकोही हुन्छन्, बढी भई बेच्नेहरू विरलै हुन्छन् । तर सबै सँगै परिश्रम गर्छन् । त्यो दयनीय थियो, दुःखी थियो भन्नु अपेक्षाकृत हो । सबै नै कठिन परिश्रम गर्छन्, स्वच्छ पानी र हावामा सबै खुसी छन्– जीवनको आनन्द लिन्छन् ।

मेरो घर खेती आफैँले गर्दा खानसम्म पुग्नेमा गनिन्थ्यो । त्यसको केन्द्रविन्दुमा मायादेवी नै पर्छिन् । परिश्रम गर्नु उनको

बाध्यता हो, परिवार पाल्ने जिम्मेदारी उनकै हुन गएको छ । तर छोराछोरी हुर्किएर गएपछि पनि उनको परिश्रम गर्ने बानी यथावत् छँदा पहिलेपहिलेको बाध्यता सोखमा परिणत भइसकेको बुझिन्छ । श्रमलाई जसले सुखको साथ ग्रहण गर्छ जीवनको आनन्द त्यही हो कि ! श्रम नगरीकन खान सक्ने मनुष्यजस्तो मनुष्यलाई कुनै दिन पापबोध हुनै पर्ला कि !

# मायादेवी, श्रम र सम्मान

श्रमलाई मायादेवीले सम्मानको विषय बनाइन् । मैले माथितिरकै केही राजकीय पद धारण गरिसकेकाले मेरी पत्नीले गोठमा खेतमा काम गरेको नसुहाएको मान्नेहरू केही लज्जित हुन्थे, केही चित्त नबुझेको प्रतिक्रिया दिन्थे, तर उनी आफ्नो काम गरिरहेकी हुन्थिन् । काम नगर्नेहरू खाएकै छन्, राम्रै लगाएका देखिन्छन् तर मायादेवी त्यसलाई खाएको मान्दिनन् । मान्छेलाई त्यस्तो हुनु सम्भव छैन, सुहाउँदा पनि सुहाउन्न । आगन्तुकहरूसित उनी भन्छिन्– खान कसलाई पुगेको छ ? राजालाई पनि पुग्दैन । राजाले एक्लै खाए पुग्ला, राजा मान्छेले एक्लै खानु त भएन । दुनियाँलाई पुऱ्याइकन खान खोज्दा राजाको भागमा के बाँकी रहन्छ ?

मैले कहिल्यै पनि उनलाई काम नगर भनिनँ । किनकि काम गर्नु उनको स्वभाव हो त्यो मैले बद्लिन सक्तिनँ । म आर्कोतिरबाट भन्थेँ– आफ्नो श्रम र ज्यालाको लगानीभन्दा उत्पादन थोरै हुने काम किन गरिरहने ? बिउ पनि नफर्किने काम ?

उनको उत्तर हुन्छ– "खेती भएको ठाउँमा मान्छे बसेजस्तो देखिन्छ, खेतबारी हरियो रहन्छ, केही त आय बढ्छ ।"

मायादेवीले धेरै ठिटाहरू पालिन्, तिनलाई काम पनि लगाइन् । ती उत्तीर्ण भएर काममा पनि लागे, कुनै ठूलै अफिसर पनि भइसकेका छन् । ती उनलाई भेट्न आउँछन्– घरमा काम गर्ने आर्को मान्छे

भेट्टिएन भने तिनै आगन्तुकलाई काम अह्राउँछिन् । ती पनि खुसीसाथ गाईलाई घाँसपराल हालिदिन्छन् ।

म भन्छु– त्यसरी काम नलगाउ न, त्यो ठूलो अफिसर भइसकेको छ । उनी भन्छिन्– "जति ठूलो हाकिम भए पनि दालभात उही पहिलेकै जस्तै त खाँदो हो नि !"

त्यही काम अरूले त लगाउनै सक्तैनन्, मैले लगाएँ भने त्यति खुसीसाथ गर्दैन थिए कि ? मैले कहिल्यै लगाइनँ पनि ।

पहिले घरमा काम गरिबसेका आगन्तुकहरू जुन दर्जामा पुगेका भए पनि घरभित्र पसेर ती काम सबै गर्थे जो उनले गर्ने गरेको हो । मायादेवीले श्रमलाई सम्मानको विषय बनाएकी छन् । उनी भन्छिन्– "मैले सधाएका मान्छे सबैतिर काम लाग्छन् ।" काम लगाउँछिन् भनेर कोही आउन छाडेन । काम चोर मान्छे उनलाई मन पर्दैन । उनी भन्छिन्– "काम चोर मान्छे जहाँ पुगे पनि कामचोर नै हुन्छ ।"

# मायादेवी र दाम्पत्य जीवन

धान फल्दैन, कहिले हस्किन्छ, कहिले ढल्छ, कहिले पानीमा डुब्छ, कहिले बिउ पर्दैन तर पनि उनी खेती गर्न छाड्दिनन्, भन्छिन्– "धरतीलाई सुन्दर राख्नुपर्छ । रोप्ता पनि रमाइलो, काट्दा पनि रमाइलो ।"

उनी भन्छिन्– "दिनदिनै धोएर फ्याँक्नुपर्ने लिपिस्टिक भन्दा यही राम्रो होइन र !"

उनले कहिल्यै लिपिस्टिक लगाइनन् । आफ्नो अनुहारमा खरी धूलो पोतेर रूप बदल्नेहरूलाई उनले नराम्रो पनि भनिनन्, कहिल्यै त्यसको नक्कल पनि गरिनन् । उनी भन्थिन्– "नक्कली वस्तुको चहकमा राम्री देखिन खोज्नु आफूले आफैँलाई ठग्नु हो, आर्को कोही ठगिँदैन, अर्काको अनुहार हेर्ने कलामा सबै पारखी हुन्छन् ।"

मैले खोजेर रोजेर बुझेर मायादेवीलाई भित्र्याएको होइन । उनका पितामाताले दिनुभयो, मेरा पितामाताले ग्रहण गर्नुभयो । म त विवाहको अर्थ केही बुझ्न सक्ने भइसकेको थिएँ, प्रथम परीक्षा उत्तीर्ण भएको थिएँ, उनी त भोलि नै हुँदी हुन् । मेरा पितामाताले पनि उनलाई देखेको होइन, उनका मातापिताले पनि मलाई र मेरो घरको स्थितिलाई देखेबुझेको होइन । तर प्रस्ताव उतैबाट आएछ– केवल नामको भरमा । मेरा पिता त्यस क्षेत्रमा प्रख्यात पण्डित हुनुभएकाले पण्डितका छोरालाई छोरी दिने उत्सुकता उहाँहरूमा

जागेछ । मेरा पिताका मामा देवे घिमिरे केटी हेर्न जानुभयो– उहाँलाई केटी मन परिछन् । पिता आफ्ना मामामाथि भर पर्ने हुनाले कुरा छिनिएछ ।

सम्भवत: पितामाताले खोजी नराखिदिएको भए मलाई बिहा गर्ने फुर्सत पनि हुन्नथ्यो कि ? म पढ्दै थिएँ राजनीतिक आन्दोलनमा होम्मिइहालें । उनी मेरो बाटो हेरेर बसिरहिन्, मैले त अन्यत्र आँखा लगाउने अवसर पाएको थिइनँ । २०९९ साल माघमा विवाह भएको हो । २००६ साल चैत्रमा भेट भयो । पिताले एक पालि घर आइदिए हुन्थ्यो भन्ने आशयको पत्र पठाउनुभएको थियो, आज्ञा शिरोपर गरी लुकीछिपी काशीबाट गोरखाको घर पुगेको थिएँ ।

मायादेवी आफ्नो घरव्यवहारमा अभ्यस्त भइसकेकी रहिछन्– उनी साहुकी छोरी– पिताको घरमा हली गोठाला बाँदा थिए । आफ्नो घर आउँदा तिनले गर्ने सबै काम उनले आफैंले गर्नुपर्ने भयो– केवल हलो जोत्ने काम महिलाले गर्दैनथे । तर उनले कहिल्यै पनि मनसा वाचा वेदना झल्काइनन्, सदा उज्याली र प्रसन्न देखिइन्थिन् । मायादेवीले गाउँघरमा दिदीबहिनीहरूको र मान्यजनको माया बटुली छन्– आफ्नो हार्दिकता, नम्रता र सरलताले । धेरै गुण कदाचित् त्यही अवगुण– उनी आफ्नो आचार र नियममा अनि आफ्नो कृत्यमा कसैको सल्लाह नमान्ने अलिकति जबर्जस्ती स्वभावकी थिइन् । मैले पनि कहिल्यै उनका स्वभावमा व्यवधान पुऱ्याइनँ । परिवारकल्याणको लागि आफूलाई त्याग गर्न तैयार रहने नारीलाई न सल्लाह दिइरहन सुहाउँथ्यो न त उनी कुनै सल्लाहको अपेक्षा राख्थिन् । जबर्जस्ती स्वभाव अन्य अवस्थामा गुण भए पनि रोग लागेको बेला जबर्जस्ती गर्नु दुर्गुण नै सिद्ध भयो । सामान्य रोग एवम् मामुली ज्वरो आउँदा उनले आफ्नो नित्य कर्म छाडिनन्, नुहाउने, पाठपूजा गर्ने– मान्छे आर्को नभएको बेला आफैं गाई दुहुने, मलाई ख्वाउने आदि । नित्यकृत्यबाट मैले उनलाई निवृत्त गराउन सकिनँ–

ज्वरो आइरहेको अवस्थामा पनि सुतेर आराम गर्नेतिर ध्यान दिँदैनथिन् । उमेरमा त उनले रोगहरू दबाइन्, बानी त त्यही बस्यो तर उर्जाले सहारा दिन छाड्यो, त्यसलाई पनि उनले वास्ता गरिनन् । बानी बदल्नु एक बाध्यता हो तर त्यसलाई स्वीकार गरिनन् । बेलाबेला रुँलाऊँ वेदना प्रकट गर्न थालिन् । किन के भयो भनी सोद्धा उनी भन्थिन्– "आँटेको काम गर्न सकिनँ ।" जुन काम उनले पहिले सहजै गरिआएकी हुन् । मान्छेलाई अपार शक्ति दिएको छ, चेतना भरिदिएको छ तर त्यो सबै कालसापेक्ष रहेछ– म्यादी । मान्छेले म्यादभित्र काम सक्नुपर्ने रहेछ । कसैकहाँ नोकरी गर्न बसेको पराधीन मान्छेजस्तो त्यो के स्वतन्त्र ! के हो मानवाधिकार ? नियोजन गर्ने देखिन्न, देख्न पाए प्रगतिशीलहरू जाइलाग्ने थिए । तर त्यो नियोजक नभए प्रगतिशीलहरूको उत्पत्ति नै हुने थिएन ।

उनीहरू त्यो मान्न चाहन्नन् । एउटा आँखा नचिम्लिई कुनै मान्छे प्रगतिशील हुन पनि सक्तैन, अरूलाई देख्नै नचाहनेले त दुइटै आँखा चिप्लिनुपर्‍यो । म दुइटै आँखाले हेर्छु– अन्ध परम्परावादमा, अभिचार विधिमा, मूर्तिपूजामा समय खेर फाल्दिनँ तर म वैदिक आस्तिक हुँ । यो ब्रह्माण्ड चलाउने कोही छ त्यसैलाई म ईश्वर भन्छु, भौतिकवादीहरू प्रकृति भन्छन् । जे भने पनि सञ्चालक शक्तिशाली छ, हामी शक्तिको वशमा छौँ ।

मायादेवी अन्ध परम्परावादमा, अभिचार अर्थात् पूजापद्धतिमा आस्था राख्ने मूर्तिपूजक थिइन्– मेरो धारणाभन्दा फरक । तर हामी दुईमा पूर्ण सामञ्जस्य थियो, किन कि मैले दुवै आँखाले हेर्ने शिक्षा पाएँ । वैदिक संस्कृतिको शिक्षा त्यही हो । उनका पूजापद्धतिमा म सघाउँथेँ, पूजामा विश्वास भएर होइन । उनी पनि त एउटी देवी नै हुन् उनलाई खुसी राख्न । उनका आस्था विश्वासले उनी तर्छिन् भने मैले त्यसबाट विचलित गराएर उनलाई तार्न सक्छु र ! पतिपत्नी अर्धनारीश्वर– एक रूप हो, एक योग हो तर तिनका प्रकृति त

फरक नै हुन् नि ! कुनै प्रकृति परस्पर आत्मसात् हुन्छन् कुनै हुन सक्तैनन् । मायादेवी र मेरा विश्वासमा केही अन्तर भए पनि उनको सन्तुष्टिको लागि मैले केही गरेको छु उनले त मेरा लागि सम्पूर्ण त्याग गरेकी छन् । उनले नपढीकन जति जानिन् पढेर जान्ने पनि त्यहीत्यही हो ।

उनी छँदै मैले विवाहको विषयमा लेखेका संस्मरणहरू पनि यहाँ उदृधृत गरेको छु :

उमेर धेरै छिप्पिएपछि मेरो विवाह भयो । बूढीहरूले कुरा काटे– मान्छे सानो भएर हुन्छ १४ वर्ष लागिसक्यो । सबै दौतरीको विवाह भइसकेकाले बूढीहरूको विचारमा विवाहको लागि म बूढो भइसकेँछु ।

म पुड्को र केटाकेटीमा रोगी पनि थिएँ । म आफैँ अलिकति जान्नेबुझ्ने भएपछि पत्ता लगाएँ– म दीर्घकालसम्म जुन रोगले पीडित थिएँ त्यो मामुली अमलपित्त रहेछ, त्यसैको प्रकोपले पेट दुख्दो रहेछ । जुन रोग लागे पनि नाडी छामेर रोग पत्ता लगाउन खोज्ने वैद्यहरू र यन्त्रद्वारा रोग पत्ता लगाउन खोज्ने डाक्टरहरूको सल्लाहमा पेट दुखेको ओखती खाँदाखाँदा मेरो पेट खराब हुँदै गयो, आउँ परिरहने ! रोग अज्ञात रहेछ, ओखतीकै भर पर्न नहुने रहेछ । स्वास्थ्यसम्बन्धी साधारण र प्राकृतिक ज्ञान हरेक व्यक्तिलाई गराउन सकिए कैयौँ रोग नै नलाग्दा हुन्, लागेर पनि बढ्न नपाउँदा हुन् ।

म पुड्को दुब्लो र रोगी पनि भएकाले मेरो विवाह गरिदिन मेरा पितालाई आत्तुरी नलागेको होला, अवेला विवाह भयो ८६ सालमा जन्मिइसकेको मान्छेको विवाह ९९ सालको अन्त्यमा, धेरै अवेला हो ।

विवाहको लागि जोडी मिलाउने भन्छन्– मलाई मजस्तै पुड्की, रोगी र दुब्ली जोडी भेट्टिएकी भए ? तर मेरा पिता दूरदर्शी

हुनुहुन्थ्यो । उहाँले खोजेर नै निरोगी केटीसित विवाह गरिदिनुभयो । मैले त विवाह भएपछि मात्रै देखेँ । केटाकेटीमै विवाह गर्ने चलनमा एउटाले अर्काको बानी बेहोरा बुझिरहने आवश्यकता पनि परेन, रोज्ने चलनमा झैँ रोज्दा रोज्दै खोज्दाखोज्दै बूढी फेला पर्ने अवस्था पनि रहेन । पुराना मान्छेहरूको अक्किललाई कोही वैज्ञानिक नमानोस् तापनि धेरै आधुनिकको जस्तो डेढ अक्किल त होइन ।

विवाहको अर्थ परस्परमा परिपूरक हो । पुरुषमा जुनजुन गुण छन् स्त्री पनि तिनै गुणले युक्त भएकी जोडिन आई भने त्यसको गृहस्थी कस्तो होला ? एउटामा नभएका गुण अर्कोमा भए त्यसमा पूर्णता आउन सक्छ, एउटामा जुन गुण छन् तिनले युक्त अर्को जोडिन आउँदा त गुणको राशी जति बढे पनि अपूर्ण नै हुन्छ । एकै गुणको राशी बढ्नु पूर्णता होइन । प्रकृतिले स्त्री र पुरुष नै भिन्न हुन् । ती गृहस्थीको लागि जोडिन आएका छन् भने एउटा आगो भए अर्कोले पानी हुनुपर्छ । आगोमा आगो थपेर गृहस्थी जम्छ र ! जसजसले परस्परमा बानी बेहोरा बुझेर र रोजेर विवाह गर्छन् तिनैले बढी पारपाचुके गर्छन् । गृहस्थीमा आउनुभन्दा पहिलेको बानी बेहोरा गृहस्थीभित्र पसेपछि त्यस्तै बसिरहन्छ र !

हिन्दू समाज चलाउन विवाह न आफैँ रोजेर सम्भव हुन्छ, न त विवाह भइसकेपछि हावभाव नमिले छुट्टिने विचार नै यसमा उत्पन्न हुन सक्छ । हरेक समाज आफ्नै रीतिले चलेको हुन्छ । जुनजुन समाजमा जेजे छुट छ ती छुट जति जम्मै जोडेर सायद कुनै आधुनिक समाजको निर्माण हुन नसक्ला । रुढी मानिदिने विषय हो, मान्यता हो, अर्थ खोजिरहने विषय होइन । रुढको व्युत्पति हुँदैन, तर उद्देश्य हुन्छ । विवाह गृहस्थाश्रमको लागि हो । समाज सदा गतिशील र ताजा भइरहनुपर्छ । त्यस प्रयोजनको लागि एउटा गृहस्थले जिम्मेदारी बहन गर्नुपर्छ– पिँढी र पुस्ता निरवच्छिन्न कायम गरिदिएर ।

त्यस उद्देश्यका लागि मेरो वैवाहिक जीवन सुखी छ । हाम्रा दम्पतीमा परस्पर प्रेम र सम्मान छ । पहिले परस्परमा प्रेम र सम्मान स्थापित भएपछि विवाह हुनुपर्ने, विवाह भएपछि प्रेम र सम्मान ? हिन्दू समाज नबुझेकाहरूका लागि अनौठो लाग्ला । जुन विधिबाट विवाह भए पनि दम्पती शब्दभित्र प्रेम र सम्मान भन्ने अर्थ पहिलेदेखि नै सन्निहित रहिरहेको हुन्छ । त्यसै हिन्दू समाजको परम्परामा मेरो वैवाहिक जीवन सुखी छ । भौतिक सुविधाहरूको चरम अभावमा पनि जीवनलाई सुखी राखिराख्न विवाहको सांस्कृतिक अर्थ हुनुपर्छ । हिन्दू संस्कारमा त्यो अर्थ निहित छ– एकले अर्काको लागि सहन सक्ने र त्याग गर्न सक्ने क्षमता ।

मेरी पत्नी मायादेवी एक कृषि नारी हुन् । उनको विचारमा धरतीको सेवा गरिरह्यो भने निरन्तर पाइन्छ । एकै रातमा भकारी भरिँदैन त एकै दाउमा सम्पूर्ण श्रम व्यर्थ पनि जाँदैन । काम नगरे पनि खान पुग्छ भन्नेहरूसित उनको विचार मिल्दैन । खान कसलाई पुगेको छ, कहिल्यै पनि पुग्दैन, त्यसकारण मान्छेले काम गरिरहन्छ ।

विवाहको सम्बन्धमा कसैलाई मेरो यो उपदेश होइन, मेरो आफ्नै जीवनबाट बनेको निजी विचार हो, घटिसकेको घटनालाई सम्याएको हो । विवाहको विषयमा कसैको उपदेश वा अनुभव अर्कोलाई काम लाग्दैन । त्यसकारण मेरो यो अध्याय यतिमै टुङ्ग्याउँछु । तर बालविवाहको प्रथा ठीक होइन, हाम्रो समाजमा यस प्रथाको लगभग अन्त्य पनि भइसकेको छ ।

# मायादेवीको शिक्षा

म २००० सालतिरको कथाविवरण दिँदै छु । मायादेवीले पहिले पढ्ने अवसर पाइनन्, पछि पढिनन् । सामान्य सही गर्न जान्ने र गोरखापत्र कनीकुथी पढ्न सक्नेसम्म भइन् । घरमा पढ्ने वातावरण भए पनि उनको पढ्ने बानी नबसेको एवम् प्रवृत्ति नै नभएकाले उनको शिक्षा अघि बढेन । तर उनलाई छोरीहरू पढाउनुपर्छ भन्ने चेतना थियो । पण्डितकी बुहारी– पाठपूजा, व्रत र तिथिहरूका कर्म गर्ने भएकीले उनलाई नपढेकी भनी कसैले आँक्न सकेन । अरूले नाच्न पनि सिपालु छन् भन्दथे तर नाचेर त मलाई देखाइनन्, मसित अन्तर्वार्ता लिन आउनेहरूलाई गीत र श्लोकहरू सुनाएर आफ्ना कथा भनिदिन्थिन्, प्रसङ्गलाई रोचक बनाइदिन्थिन् । त्यो सुनेर उनी पनि विदुषी रहिछन् भन्ने भ्रमधारणा लिई ती जान्थे ।

उनताक गाउँघरमा लोग्नेमान्छे त विरलै साक्षर पाइन्थे, केटीले पढ्ने त कल्पना नै हुँदैनथ्यो । उनको माइती गोरखा उत्तर लौसीबोट गाउँ त्यस्तै थियो । मेरो आफ्नो गाउँ फरक थियो ।

मेरो गाउँको नाम नै पण्डित गाउँ– नपढेका पुरुष विरलै हुन्थे । छोरीहरूले पनि साक्षर हुने अवसर पाउँथे । विवाहको लागि केटी हेर्न जाने पिताका मामा देवे घिमिरेका मान्यता नै जम्मा दुइटा थिए– केटी राम्री उज्याली र खाइहाल्दी (स्वस्थ) हुनुपर्छ । ती दुइटै गुण मायादेवीमा पाउनुभएछ । अनि उनका पिता पनि आफूजस्तै साहु हुनुभएकाले तेस्रो अवान्तर गुण पनि भेट्नुभएछ । देवे घिमिरे

आफै पठित हुनुहुँदैनथ्यो । अड्केपड्के मुखै कर्मकाण्ड चलाइदिनुहुन्थ्यो । उहाँका जजमानहरू भन्थे– "साहुका भाइ छोराहरू पुस्तक पल्टाउँछन्– साहुबाजे आए भने मुखै छिटोछिटो पूजा पाठ सिध्याइदिन्छन् ।"

मेरो पण्डित गाउँको दशा कस्तो भने छोरीहरू अलिकति पढ्छन् विवाह भएर गइहाल्छन्, बुहारी आउँछन् नपढेका । मेरी आमा ज्यामाले अक्षर चिन्नुभएको थिएन, तर फुपू रामायण पढ्नुहुन्थ्यो । पण्डितकी आमा हुनुभएकाले मेरी ज्यामा पात्रो हेर्न नजाने पनि हेर्न जान्नेलेझैँ सल्लाह दिनुहुन्थ्यो । हामी घडी हेरेर समय भन्थ्यौँ, तर ज्यामा रातमा ताराहरू हेरेर दिनमा घामको छायाँ हेरेर समय बताइदिनुहुन्थ्यो । हामी गणनालाई घण्टा मिनेट भन्थ्यौँ, उहाँ घडी पला भन्नुहुन्थ्यो– गणना गरी हेर्दा उहाँको अड्कलमा र हाम्रो घडीमा १५-२० मिनेटभन्दा फरक पर्दैनथ्यो । तर छोरालाई पढाउनुपर्छ चेतना उहाँमा साह्रै गहिरो भएकाले पितालाई पढाउनुभएछ पितामह सानै उमेरमा बितिसक्नुभएको रहेछ ।

# मायादेवीको घर माइती

मायादेवीको माइती गाउँ रमणीय छ । मेरो गाउँबाट उनको माइतीघर जाने बाटो त जति कठिन उति नै रमणीय । इतिहासमा प्रख्यात भिरपाखाहरू– लिगलिग, छोप्राक, सिरान चोक हुँदै उत्तर जानुपर्दथ्यो । अब मोटरबाटो बनेको छ, लुकिराखेको यो रम्य रत्नभण्डार देखिएला । मैले देखेका देशभरिका सुन्दरसुन्दर स्थलहरूको श्रेणीमा पर्ने अवस्थल यस बाटोमा धेरै छन् । देशका अनेक पर्यटकीय स्थलमध्येमा यसको पनि गणना हुन सक्छ । तर मेरो गाउँ मान्छेको चहलपहल आवतजावतको दृष्टिले रमाइलो, सुकिला लुगा लगाएका मान्छे पनि देखिन्थे । राजधानीबाट पश्चिम अन्त्यसम्म जाने मूल बाटो मेरो गाउँ नजिकबाट जान्थ्यो, त्यो गोरेटो बाटो नै राजमार्ग वा हुलाकी मार्ग थियो, त्यसै बाटोबाट दार्चुलासम्म हुलाक चल्थ्यो । मूल बाटो दायाँबायाँ ठाउँठाउँमा पसल पनि पाइन्थे । त्यहाँ केटाकेटीले मिस्री किन्दथे चिनीको चल्ती थिएन, चियाको नाम नै कसैले सुनेको छैन । यो २००० सालतिरको कथा हो । खस्रो लुगाका पसलहरू खुले । पहिलेपहिले त बूढीहरू खस्रो घरबुना हर्रोमा पकाएर रङ्गाउँथे र लगाउँथे अरे । त्यो मैले त देखिनँ, पछि आइमाईले लगाउने गुन्यु चोलो र घलेक एवम् टाउकोमा मजेत्रो देखेको हुँ । त्यस पहिरनमा मायादेवी राम्रै देखिइन्थिन् । मैले गुन्युँको प्रचलन हटाइदिएँ, सबैतिर हट्दै गयो । अहिले नाच्ने महिलाहरू त्यसै पहिरनलाई आकर्षक ढङ्गमा प्रस्तुत गर्दै छन् । त्यो स्टेजका लागि मात्र भएको छ ।

मायादेवीको घरमाइती गर्ने बाटोको दूरी पार गर्न राम्रै हिँड्ने मान्छेलाई दिनभर लाग्छ । उनी केटाकेटी च्यापेर नै एक दिनमा बाटो पार गर्थिन् । उनलाई मातापिताले भरियासँग लगाइदिँदा बाटैमा बास बस्नुपर्दथ्यो । मायादेवी ती दिन सम्झिन्थिन् अनि हातले टेक्तै आफू बसेको ठाउँबाट उठ्थिन् । त्यसरी उठ्नुपर्दा रोएजस्तो गर्थिन् । म भनिरहन्थेँ– "त्यो ६० वर्षपहिलेको कथा अब बिर्सिदिऊ । आजैका दिनको आनन्द लेऊ । नेपाल एक छेउबाट आर्को छेउ पुग्दा जति बास बसिन्छ हरेक बास उत्तिकै रमणीय भएजस्तै जीवन पनि हो ।"

बुढचौलीमा फर्किने कला आफ्नै हुन्छ– आफ्नै प्रति आफ्नो सहानुभूति । उनी भन्थिन्– "भनेर हुन्छ ? ती दिन भनेका तिनै हुन् ।"

जिस्क्याइदियो भने त्यतै हिँडिहाल्न बेर नलागाउने । एक खबर आयो– माओवादीले घर भत्काइदिए । आर्को पटक खबर आयो– "हाम्रो घरको छानोमा माओवादीले झन्डा गाडे ।" एउटा घरमा दुईपटक हमला गरे । एक दिन बिहान त उनी घरतिर हिँडिहालिन् । उनलाई घरको माया थियो, उनले आफैँले पानी बोकेर बनाएको घर ! उनलाई आफ्नो काठमाडौँको घरको भन्दा गाउँको सानो घरको माया लाग्यो । माओवादीले मेरो एउटा खेतको धान लुटी खाइदिएका छन् । खेत नै त्यत्ति हो भने पनि हुन्छ, २०-३० धोक्रा धान आउँथ्यो । त्यसले हामीलाई भरथेग हुने होइन, त्यसका पछि किन लाग्ने भन्ने म, उनी आफैँले खेती गरी उब्जाउने गरेको अन्नको माया मान्ने । एक दिन त उनी सकीनसकी गइहालिन् ।

मैले भनेँ– "अब तिमी गाउँमा गई बस्न सक्तिनौ, यहाँ घर छँदै छ, अमेरिकामा पनि छोराछोरीले घर किनेका छन् अरे भन्ने खबर त उनले सुन्न पनि चाहिनन् । छोराछोरी नातिहरूले पनि उनलाई अमेरिका लैजान धेरै बल गरे, उनी मञ्जुर भइनन्, रिसाइन्

पनि । "तिमीहरूको पछि लागेर हिँड्छु म ?" तिमीहरू नै आऊ । घर आफ्नै देशमा बनाऊ म बसिदिउँला ।"

उनीहरूले के लैजान सक्थे मैले आग्रह गर्दा एक पालि मसित विदेश गइन्, चीन हङ्कङ घुमी आइन् ! चीन छाड्ने अन्तिम दिन हाम्रो हेरचाह गर्ने चिनियाहरूले क्यान्टन घुमाउन लगे, सर्पको बजारमा पुऱ्याएछन् । उनी त झन विदेशसित तर्सिइन् ।

"माइती देश त रमाइलो तर म जान सक्तिन, बिर्सिनँ खोजे पनि सकिन्नँ । मेरो त्यहाँ केही छैन, एउटा बूढा दाजु छन् । तर केटाकेटीको उमङ्ग र खुसियाली सम्झाउने थलो त त्यही हो ।"

हामी घरमा बूढाबूढी मात्र हुन्छौँ– छोराछोरी हुर्किए, चरी उडेझैँ देशदेशान्तर भइहाले । अरू को आउने ? किन आउने ? उनलाई आफ्नै नुनतेलको जोहोमा भौतारिनुपर्छ । कुनैकुनै आइपुग्छन्– उमेर छँदै बूढा भएका– निराशाको भारी बोकेर । ती तर्क गर्न सिपालु छन्, तर्कले यथार्थलाई ढाक्न खोज्छन् । म रमाइलो मान्छु, म लेखक हुँ, ती मेरा प्रिय पात्र हुन्छन् । त्यो मलाई आवश्यक छ । तर मायादेवी भन्छिन्– जसले जे जानेको छ, जुन काम गर्न सक्छ त्यो गर्ने । आर्काको रिस गरेर के गर्ने ? तर भेट्न आउनेहरूले उनलाई निष्ठुरी भनेनन्, सहानुभूति पनि नजनाउने– मायादेवीले प्रेमपूर्वक तिर्खाएकोलाई पानी खान दिइन् । उनी भन्थिन्– "राजनीति आफ्नो काम छाडेर अर्काको कुरा काट्ने पेसा ।" आफ्नो धरती बाँझो राखेर गफ गरी चहार्नेलाई उनी चाँडोचाँडो बिदा गर्न खोज्थिन् । म भन्थेँ– "आफ्नो कुरा भनिसकोस् न !" भन्दथेँ– "उसले मलाई केही दिएरै जान्छ, उसले लगे मूल्यहीन केही लैजाला । कुनै कला नभएको मान्छे हामीकहाँसम्म आइपुग्दै पुग्दैन । मेरा कथाका लागि सबै प्रकारका पात्र चाहिन्छन् ज्ञानीलाई मात्रै मञ्चमा चढाएको नाटक हेर्न कोही बसिरहन्न, न त्यो नाटक नै बन्छ ।"

मायादेवीसित मेरो मतभेद भइरहन्छ, मान्छेहरूलाई हेर्ने विषयमा फरक दृष्टिकोण रहन्थ्यो । खाने विषयमा कुरा मिल्दैनथ्यो । उनले पस्किदिएको कुनै वस्तु मैले कहिल्यै पनि सबै खान सकेको छैन, खाने कुरा फालेको उनलाई मन पर्दैन, आफ्नो मनले खामेको पस्किने अनि मैले त्यो सबै खाइदिनुपर्ने ? उनी रिसाउँथिन्, मैले भन्नुपर्थ्यो "तिम्रा सबै कुरा मैले खाइदिएकै छु, त्यो अटाउँछ । तिम्रो हात जति ठूलो मेरो पेट छैन । उनी पस्किँदै गर्छिन् म फ्याक्तै गर्छु– धेरै खान सक्नुपर्छ भन्ने उनी, कम खाने गर्नुपर्छ भन्ने म– यो मतभेद कहिल्यै टुङ्गिएन । रुघाज्वरोलाई खाएर मिच्नुपर्छ भन्ने उनी, नखाएर भगाउनुपर्छ भन्ने म । रोगलाई पनि खाना चाहिन्छ, खान नपाए त्यो भाग्छ भन्ने सिद्धान्त मेरो छ । मायादेवी र मेरोबीचको यो मतभेद नित्यक्रियाभित्रै पर्छ । यसमा कहिल्यै सामञ्जस्य भएन, अरू त परालको आगो हो, म उनकै मत मानिदिन्थेँ– उनका सबै काम र कर्मको अन्तिम लक्ष्य त मेरै सुखसुविस्ता हो । पतिपत्नीको बीचमा मतभेद हुन्छ, झगडा पनि होओस् । वैमनस्य हुनुहुँदैन– त्यो घातक हुन्छ । मतभेद कलझगडा एक सीमासम्म रमाइलै हुन्छ, फलदायी पनि हुन्छ । मत नमिलेर केही हुँदैन, मन मिलेन भने त्यसले दुइटालाई छुट्ट्याइदिन्छ । अकबर बादशाहकी एउटी रानी हिन्दू थिइन्– उनीहरूको मत मिल्दैनथ्यो । पूजापाठ गर्ने घर भिन्नभिन्नै थियो, मन मिलेको थियो बस्ने घर एउटै थियो । पतिपत्नी हुन धेरै नाटीकुटी गर्नुपर्दैन, तर त्यस सम्बन्धलाई फलदायी बनाउन धेरै व्रत र तपस्या गर्नुपर्ने हुन्छ ।

अर्को एउटा महत्त्वपूर्ण पक्ष छ– लोग्नेस्वास्नीको बीचमा हारजीतको । कुनै कुरामा कसैले जितोस् कसैमा जीतको घमण्ड चढचो भने त्यो घरबाहिर पनि प्रतिबिम्बित हुन्छ । हारजीतको मैदान धेरै ठूलो छ, खुला छ त्यहाँ खडा हुनू, घरभित्र होइन । पतिपत्नीमा एउटाले अर्कालाई हराएर वश पारेको सम्झनु प्रेमको

सार झिकी फ्याँक्नु हो । प्रेमको महिमामा आबद्ध नभएका पतिपत्नी र दुइटा गिर्खाको योगमा के फरक छ ? आफ्नो कुरा माथि पार्नका लागि धेरै सभागोष्ठीहरू हुन्छन्, त्यहाँ वाग्युद्ध गर्न जानु युक्तिसङ्गत हुन्छ ।

हरेक वादविवादमा मैले मायादेवीलाई जिताइदिएँ । उनलाई जिताइदिँदा मेरो फलिफाप हुन्छ । मैले कहिल्यै मतभेद थाती राखिनँ । मतभेद थाती राख्नु लोग्नेस्वास्नी मिलेर शत्रु पोस्नु जस्तै हो । उनी भन्थिन्– घरमा आगो पनि चाहिन्छ, पानी पनि चाहिन्छ । पतिपत्नी एउटा आगो भए आर्कोले पानी भइदिनुपर्छ । दुइटै आगो भए त्यो घर डढिहाल्छ । मलाई उनका मामुली कथनले धेरै विषय सोच्ने अवसर दिन्थ्यो । एकै घरमा आगो र पानीको सहअस्तित्व हुन सक्छ भने कुन विपरीत तत्त्व सँगै आफ्नो स्थान बनाउन सक्तैनन् ? दुई विपरीत तत्त्वको सङ्घर्ष निर्माणको लागि हुन्छ, उनै विपरीत तत्त्वको परस्पर कलह विनाशको लागि हुन्छ । पतिपत्नी एउटै तत्त्व हो कि विपरीत तत्त्व ? त्यो दुइटै होइन । यो पतिपत्नीको विषय हो– यसको गहनता कुनै नियमबाट सञ्चालित वा स्थिर गर्न सकिन्न, त्यस्तो यान्त्रिक विषय यो होइन ।

# मायादेवी र हाम्रो परिवार

हाम्रा पाँच सन्तान भए । तिनमा कान्छो छोरा बाल्यावस्थामा नै र कान्छी छोरी स्वयम् पारिवारिक भइसकेपछि परलोक भए । कान्छा छोराछोरीको अभावको शोक पनि उनले बेहोर्नुपऱ्यो । अभावको वेदना त मलाई पनि छ तर कोमल नारीहृदयले खप्नुपर्ने वेदनाको गाम्भीर्य पुरुषहरू पूरै बुझ्न सक्तैनन् ।

छोरालाई उनले ठीकै अवस्थामा आफूसँग सुताएकी हुन्, बिहान उठेर उनी काममा हिँडिन्, फर्किएर आउँदा बितिसकेको अवस्थामा फेला पारिछन्– शायद रगतमासीको प्रकोप हो । यो घटना आकस्मिक हो । त्यसको लक्षण ठूलो छोरामा पनि आशङ्का गरिछन्, तुरुन्तै आफैँले बोकेर अस्पताल पुऱ्याइछन्, बचाइन्, मेरो उपर उनको ऋणको भार ठूलो छ जो मैले तिरेर तिरिन्न, उनी धन्य छन् । उनीप्रति मैले श्रद्धा राख्नुपर्छ जो अपरिमेय छ । अब त श्राद्धकी भागिनी भइसकिन् मेरा पितृको पङ्क्तिमा पुगिन् ।

माताजी स्वर्ग हुँदा कान्छा भाइ शिशु अवस्थामा नै थिए । उनको र छोराछोरीको पालनपोषणको जिम्मेदारी मायादेवी उपर नै पर्न गयो । घरभित्र सगाइदिने बालविधवा फुपू र बाहिर सल्लाह दिने हजुरआमा हुनुहुन्थ्यो । बाँकी सम्पूर्ण काम उनैले भ्याउनुपर्दथ्यो, भ्याइन्– भाइ र छोराछोरीलाई दूधभात ख्वाएर पालिन् । त्यति बेलाको ग्रामीण समाजमा आफ्नो परिवारलाई दूधभात नटुटाउनु मामुली होइन– त्यो धेरै सम्पन्नले मात्र पूरा गर्न सक्तथे कि त

कुशल र परिश्रमीले । हामी पहिलो श्रेणीमा पर्दैनथ्यौँ । यसका लागि म मायादेवीप्रति ऋणी छु । म त काठमाडौँतिर भौँतारिइरहन्थेँ कहिल्यै टुङ्गो नलाग्ने काममा ।

मैले आफ्ना जीवनमा सन्तोष लाग्ने तीनोटा काम गरेँ– गोरखाको आँपपीपल डाँडामा अस्पताल, आधुनिक शिक्षा दिने विद्यालयहरू र केही खोलामा पुलहरू । मेरी माताजी उपचारको अभावमा ३२ वर्षकै उमेरमा परलोक हुनुभएछ । भाइ माहिला चेपे खोला तर्दा बगेछन्– उहाँहरूको श्रद्धास्वरूप यी काम गरेकाले मलाई सन्तोष लागेको हो ।

गोरखा लुइटेलको प्रख्यात अमर हाइस्कुललाई तथाकथित नयाँ शिक्षानीतिले सामान्य बनाइदियो । त्यो नीति राजा वीरेन्द्रले केही पढेका तर नेपाल नचिनेका र उत्ताउला गैरजिम्मेदारहरूको सहयोग लिई आफैँले तैयार गरेका हुन् । नेपालमा गणतन्त्र राज्यस्थापनाको जग पनि त्यही हो । अधिनायकवाद चलाउन हुती र दृढ सङ्कल्प पनि चाहिन्छ । राजा वीरेन्द्रसित ती गुण वा दुर्गुण जे होऊन्, रहेनछन् केवल अरूले उक्साइदिएको इच्छा झिकी अधिनायकवाद पस्किन खोजेको लक्षण र उदाहरण दिन्छु– गण्डकी बोर्डिङ स्कुलको स्थापनामा मेरो सहयोग छ । प्रथम १० वर्षसम्म म नै त्यसको संस्थापक अध्यक्ष रहेँ । मलाई थाहै छैन, म हटिसकेँछु । यहाँ त्यस विषयमा अधिक भन्नु प्रासङ्गिक भएन ।

उपचार व्यवस्था विकसित हुँदै गएकाले प्रख्यात आँपपीपल अस्पताल पनि सामान्य हुँदै गएको छ । मैले फालिएका रोपलाइनका तार लगी बनाइदिएका पुलका ठाउँमा सिमेटका मोटर तर्ने पुल बन्दै गरेकाले अहिले ती पुलको गणना छैन । ती पुलका तार मान्छेद्वारा कसरी काठमाडौँबाट गोरखासम्म बोकाइ लगियो त्यो एउटा वर्णनीय अभियान थियो, रोमाञ्चकारी पनि । अहिले आधा घण्टामा जहाजबाट

गोरखा-काठमाडौँ यात्रा गर्न सकिने, मोटरबाट ३-४ घण्टा लाग्ने, कदाचित् हेलिकोप्टरबाट आफ्नै-आफ्नै आँगनमा पुग्न सकिने अवस्था कायम भएको बेला पहिलेका यात्रा कसरी सम्पादन गरिन्थे त्यो बुझ्न त्यसै बेलाको परिस्थितिमा आफूलाई ढालेर मात्र बुझ्न सकिन्छ । त्यसरी बुझ्न सक्नेले पुलका तार बोकी लगेको दृश्यलाई एक साहसिक अभियान मान्नेछन् ।

मलाई ती कार्यबाट यस निमित्त सन्तोष छ कि त्यसबाट विकास कार्य प्रति जनताको चेतना जाग्यो, प्रारम्भिक कालमा स्कुल खुलाउन जुन कठिन तपस्या गर्नुपऱ्यो जनताले आफैंले त्यो काम अङ्गीकार गरेको देख्दा वास्तवमा सन्तोषको विषय बन्दो रहेछ । पछिपछि नयाँ स्कुलहरू खुल्दै गए तिनमा मेरो योगदानको आवश्यकता नै परेन । नेपालको शिक्षा विकासमा जनताले जुन योगदान गरेको छ त्यसको अपेक्षामा सरकारी प्रयत्न वा अनुदान नगण्य मान्नुपर्छ । जनतामा चेतना वा जागृति आउनु महत्त्वपूर्ण छ । शक्ति र साहसको अक्षय भण्डार त ऊ आफैँ हो ।

पिता प्रसिद्धि प्राप्त पण्डित, शिक्षक र कथावाचक पनि हुनुभएकाले उहाँको शिष्य परिवार ठूलो थियो । उहाँ एक्लैले पढाउने पिँढी वा पाठशालामा बालकदेखि प्रौढसम्म पढिरहेका हुन्थे । पढाइमा माथि पुगेकाहरूले तलतलकालाई पढाइदिनुपर्ने व्यवस्था कायम गरिदिनुभएकाले उहाँ नभएको बेलासमेत पाठशाला चलिरहन्थ्यो । पिताको शिष्य परिवार त फैलिएकै थियो । उहाँबाट कथा पुराण श्रवण गर्नेहरूको सङ्ख्या अझ धेरै थियो । मैले बाल्यकालमा ती सबैको प्रेम र सम्मान स्वतः पाएँ, पिताका प्रसिद्धिका नाताले मायादेवी मेरी हुन आएकी हुन्, त्यसको चर्चा गरिसकेको छु । उनले पनि त्यो समाज र सम्मान पाउने नै भइन्– उनले आफ्नो घर समाज रमाइलो मानिन्, हुर्किंदै गइन्, घरपरिवार धान्न सक्ने भइन् । उनी समर्थ र सक्षम भएकीले मैले घरपरिवार हेर्नुपरेन,

सामाजिक कार्यमा लाग्न सकेँ । पिताको देहान्त भइसकेकाले मेरो उपर जिम्मेदारीको भारी खप्टिएको पनि हो ।

मेरा कारणले उनी सामाजिक बहिष्कारमा पनि परिन् । म राजनीतिक मान्छे भएकाले मैले जातिभेद मान्नु मिल्दैनथ्यो । जातिभेद नमान्दा मेरा गाउँका पण्डित पुरोहितको वृत्तिव्यवसाय चल्दैनथ्यो । त्यसकारण मैले उनका चूल्हाचौकाबाट तल झर्नुपऱ्यो । केवल पत्नी भएका नाताले उनी पनि झरिन् । यस्तो व्यवस्थालाई 'भात काढ्ने' भनिन्थ्यो । उनी काढिइन् । उनलाई अलिकति समाजमा एक्लै परेकी जस्तो अनुभव हुन सक्छ, तर उनले त्यसको पर्वाह गरिनन् । मलाई थाहै थियो, त्यस्तो व्यवस्थाको आधार धेरै फितलो छ । मैले अङ्ग्रेजी पढाउने विद्यालय खोल्दा पण्डितहरूलाई आफ्नो वृत्तिमा धक्का लाग्ने आशङ्का भएछ, तर विद्यालय चल्न नदिने विषयमा उनीहरूको जमर्को अघि बढ्न सकेन । विस्तारविस्तार त्यो सामाजिक बहिष्कार पनि एक हास्यास्पद चलन जस्तो देखिन थाल्यो, लुप्त पनि भयो । हरेक नयाँ कामको प्रारम्भमा अवरोध देखिन सक्छ, त्यो सार्वत्रिक हो ।

हाम्री प्रथम सन्तान छोरी इन्दिरा २००८ सालमा जन्मिएकी हुन् । पिता भन्नुहुन्थ्यो– "म यसलाई लखनउ लगेर पढाउँछु ।" उनी पढ्न बिलायत पनि पुगिन् । पिताको कालमा अधिकमा लखनउसम्मको कल्पना हुन सक्थ्यो । छोरा ईश्वर २०१० सालमा जन्मिए । उनी गाउँमा, पिता काठमाडौँमा । उहाँले नातिको मुख हेर्न पाउनुभएन– २०११ सालमा बितिहाल्नुभयो । हाम्रा दुई कन्यारत्न– सरला र निरु २०१६ र २०१८ मा जन्मिए । मेरा पिताका हामी ४ छोरा र एक छोरीमध्ये दुई भाइहरू परलोक भए । माहिला भाइ सानैमा दुर्घटनामा परे, साहिँला भाइ क्यान्सर रोगबाट बिते । मेरी भाइबुहारी छन् । एक हजुरआमा (पिताकी कान्छी आमा) हुनुहुन्छ । दुई भतिजाहरू छन्– सलिन र विजय । उनीहरूलाई हामी भतिज भन्दैनौँ– छोरा नै

भन्छौँ । मायादेवीले उनीहरूलाई धेरै माया गरिन्, बोकेर पनि हिँडेकी हुन् । मायादेवीले एक रसिलो परिवार जमाएकी हुन् । कान्छा भाइ डा.जगदीश्वर सपरिवार मायादेवीलाई भेट्न आए । कुलका सबै मान्यजनको मर्यादा राख्न जानिन्– कुलकै उनी जेठी नातिनी बुहारी– सबै नै उनले मान्नुपर्ने हुन्थे । उनी सबैको एकलौटी प्रेम पाउँथिन् ।

पण्डित गाउँका देवकोटा कुलमा हामी जेठाको खलक भएकाले उमेरले त अग्रज तर नाताले अनुधर्मी हुँदै गयौँ । अझै त म कुलवृद्ध भएको छैन– तीन जना बाजे र चार जना काकाहरू हुनुहुन्छ ।

# मायादेवीको तीर्थाटन

पत्नी मायादेवीले मुक्तिनाथ र त्यसपछि चार धाम जाने इच्छा गरेकी हुन् । जीवनमा उनको यो एक मात्र प्रस्ताव थियो जो मैले पूरा गरिदिनै पर्दथ्यो ।

२०३७ मा मुक्तिनाथको यात्रा गर्दा केही कठिनाइ भोग्नुपऱ्यो । अघिल्लो वर्ष हवाइजहाजद्वारा जोमसोङ गएका थियौँ, तर जोमसोङ एयरपोर्ट घुमेर फर्किन पऱ्यो, हुरीले उत्रन दिएन भनी चालकले भने । हवाइजहाजको भर नगरी हामी पोखराबाट हिँडेर गयौँ । भरिया लिई गएको त्यो त हिँड्न नसक्ने रहेछ, उसको सारमा त हामी ताकेको समयमा मुक्तिनाथ नपुग्ने भयौँ । पोको पुन्तुरो आफैँ बोकेर बाटो लागियो । जोमसोङ पुगेपछि पोको बोक्ने एउटा केटा पाइयो– उसले मुक्तिनाथ सुनेको थियो, त्यो त हावाझैँ अघिअघि लाग्यो, बेलुकापख कालीको तिरमा हावा पनि निकै चल्दो रहेछ । पछाडिबाट आउने हावाले हिँडाइको सन्तुलन बिगारिदिने, अगाडिबाट आउने हावाले आँखामा छारो हालिदिने रहेछ । जसरीतसरी कागबेनी पुगियो, भरिया छैन । ऊ मुक्तिनाथ पुगेछ– अलपत्र परेछ, हामी कागबेनीमा । कागबेनीबाट बिहान मुक्तिनाथ पुगियो, उसै दिन जोमसोङमा पुग्यौँ– फर्कनका लागि हवाइजहाजको टिकट पाइएन । फर्किनको सट्टा हामी हिँड्नतिर लाग्यौँ– तातोपानीमा पुग्दा क्रान्तिकालका साथीहरू दाइ रूपनारायण जोशी र रत्नकुमार श्रेष्ठसमेतको यात्रीसमूह फेला

पर्‍यो, उनीहरूले बाग्लुङ पुर्‍याए । त्यहाँबाट स्याङ्जा उत्रिएर मोटर चढियो ।

नेपाल त्यति बेला त्यस्तै अवस्थामा थियो । न मान्छे पूरै आफूमाथि भर पर्छ, न त साधन नै भर पर्दो छ । बिस्तारबिस्तार मान्छे आफूमाथि भर कम गर्ने, भएको छ । चाँडो पुग्ने हतपत र सुविस्ताको लोभले मान्छे साधनको उपयोग गरिहाल्छ । हरेक यात्रीलाई आफू चढ्ने यानको अवस्था कस्तो छ भन्ने ज्ञान राख्नु पनि सम्भव छैन । म उक्त तीर्थयात्राको क्रममा होइन, आर्कै एक दिन पोखराबाट मोटरद्वारा काठमाडौंतिर लागेँ । मेरा साथीहरूले मेरा लागि जुन गाडी रोकिदिए त्यहाँ पछाडि एउटा सिट रहेछ । म त्यतैतिर जान लाग्दा अगाडि बस्ने एउटा अपरिचित यात्रीले मेरा लागि आफ्नो सिट छाडिदिए, उनले भने– “मैले यहाँलाई चिनेको छु ।” काठमाडौँको नैकाप पुगेपछि कुन यान्त्रिक गडबडीले हो चालकले गाडीमा नियन्त्रण कायम गर्न सकेन, भित्तापट्टि लगेर धस्यो, यात्रीहरूले उसलाई धन्यवाद दिनै पर्‍यो । म एउटा अगाडि बस्नेलाई निधारमा चोट लाग्यो, अगाडिअगाडि बस्नेहरूले अलिकति धक्काको महसुस गरे तर पछाडिपट्टि बस्ने कसैलाई केही भएन । अगाडि बस्नेले यस्तै बेहोर्नुपर्छ नै ।

२०३८ मा श्रीमतीको इच्छातृप्तिका लागि पनि चारधाम (बद्रीनाथ, द्वारका, रामेश्वर, जगन्नाथ) को यात्रा गर्नुथियो, त्यस प्रसङ्गमा अन्य धेरै स्थानको दर्शन गर्न पाइयो । बिहारमा बोध गया र आन्ध्रमा तिरूपति बालाजीको पनि मेरो प्रथम दर्शन हो । द्वादश ज्योतिर्लिङ, (केदारनाथ, विश्वनाथ, बैजनाथ, महाङ्कालेश्वर, रामेश्वर, सोमनाथ, मल्लिकार्जुन, अमलेश्वर ॐकार, भीमशङ्कर, नागेश, त्र्यम्बक, भूशृण) मध्ये प्रथम पाँच ज्योतिर्लिङ स्थानसम्म हामी पुग्यौँ । बाटोमा पर्ने अन्य मन्दिरहरू र भारतका ठूला सहर सबै घुमियो । अमरनाथदेखि कन्याकुमारीसम्म, द्वारकादेखि जगन्नाथ-

कलकत्तासम्म घुम्दा भारतको ठूलो भूभाग छिचलियो । यसका लागि रेलगाडी र मोटरगाडी, घोडा, रिक्सा र आफ्नै गोडा– सबैको प्रयोग भयो । अमरनाथ त्यति सजिलो यात्रा होइन । स्थानस्थानको आफ्नै महिमा र असाधारण अवस्थिति छ, ती सबैको वर्णन गर्न यहाँ सम्भव छैन । अमरनाथ पूर्ण प्राकृतिक अवस्थामा छ, अरू मठमन्दिरहरू मनुष्य निर्मित रहेछन् । केदारनाथ शिला प्राकृतिक हो, तर त्यहाँ वरिपरि सबै मनुष्यका निर्माणहरू छन् । कन्याकुमारीमा एउटा मन्दिर जस्तो निर्माणमा स्थापित महात्मा गान्धीको शिरमा अक्टुबर दुईका दिन (गान्धीको जन्मदिन) मध्याह्नमा घामको ज्योति झुल्किन्छ । तीन सागर– अरब सागर, बङ्गाल सागर, हिन्दमहासागर कन्याकुमारीमा जोडिन्छन्, त्यहाँ विवेकानन्दको भव्य मूर्ति स्थापित छ । यो आधा प्रकृति आधा भौतिक निर्माण भन्न सकिन्छ । हामी जति घुम्यौँ प्राचीन कालदेखि मनुष्यले मनोरम प्रकृतिको आश्रय रोजेको पाइयो ।

भारतको रक्सौल रेलवे स्टेसनमा हामीहरूका लागि रिजर्भ गरिएको सिट थियो । त्यस डिब्बामा अरू पनि नेपाली तीर्थयात्रीका लागि रिजर्भ सिट रहेछन् । त्यहाँ मलाई चिन्ने मान्छे पनि रहेछन् । मैले त चिनेको थिइनँ । यद्यपि हामी सबै त्यहाँ समान यात्री थियौँ तर मलाई मान्ने र सहयोग गर्नेहरू नियोजित हुन आए, सँगै हुन पाएकोमा उनीहरूलाई खुसी लागेको छ । श्रीमतीलाई गफ गर्ने साथीहरू भए । मैले गाडीमा आराम गरेर पढ्ने अवसर पाएँ । भारतको कुरुक्षेत्रस्थित कुण्ड स्नान गरेर दक्षिण लागेपछि मैले छोटकरीमा महाभारत लेख्ने विचार गरेँ । 'द्वन्द्वको अवसान' लेख्ने कल्पना र त्यसको रूपरेखा त्यसै बेलाको हो । तर मैले महाभारत सार सबै त्यसमा लेखेको छैन ।

केवल युद्धकाल प्रारम्भ हुने बेलादेखि युद्धको अन्त्यसम्मको कथा आफ्नो दृष्टिकोणले लेखेको छु । कथामा मैले परिवर्तन गरेको

छैन, एकदुई ठाउँमा मैले आफ्नो कल्पनाका केही पङ्क्ति लेखेको हुँला, कथाहरूमा अन्यथा गरेको छैन । महाभारतलाई कुन पाठकले कसरी पढ्छ– लेखकले कसरी प्रस्तुत गर्छ त्यो पाठकको आफ्नो स्वतन्त्रता हो, तर कथाक्रम भङ्ग गर्न उसलाई अधिकार हुँदैन । महाभारत एक असाधारण कथा कल्पना हो एकै पङ्क्तिमा भनौँ भने महाभारत मनुष्यको प्रकृतिशास्त्र हो । सदा नै त्यो नयाँ र मनुष्यत्वभाव बन्छ । महर्षि व्यास त्यसका प्रणेता मानिन्छन् । तर व्यासको नाममा दर्ता गरिएका पुराणहरू धेरै छन्– महाभारत मूल हो, अन्य अठार पुराणहरूको नाम दिइन्छ, त्यस्तै अठार उपपुराण पनि रहेछन् र अन्त्यमा श्रीमद्भागवत महापुराण । तर सबै पुराण उपपुराण त मैले पढिसकेको छैन, महाभारत र महापुराणकै सेरोफेरोमा अन्य पुराण, उपपुराणहरूले फन्को मारेको जस्तो लाग्छ ।

तीर्थहरूलाई हामी धार्मिक स्थल मान्छौँ, हामीले मनुष्यका सबै चिन्तन र कृत्यलाई जनाउने एउटै नाम धार्मिक मान्यौँ । दर्शन, शिक्षा, दृश्य, कल्पना र प्रेरणाका स्रोतहरू एवम् विज्ञानलाई त्यसैभित्र सन्निहित गरेका छौँ । धेरै ज्ञान प्राप्त गर्न विचार र आचरणको पवित्रतामा विशेष ध्यान दिने परम्परा पूर्वीय तत्त्व चिन्तकहरूको रहेको छ । हिमालयको यो दक्षिणी क्षेत्र कन्याकुमारीसम्म पुगेको छ, त्यहाँ पवित्रताको झलक पाइन्छ । कुनै एक धर्मप्रति विशेष अपेक्षा वा अनुराग राख्नु धर्म होइन । त्यो धर्मको सङ्कुचन हो । पूजाविधि आफ्नोआफ्नो पृथक् हुन सक्छ ।

तीर्थयात्रा क्रम टुङ्गिने बेला मेरी पत्नीलाई अलिकति खल्लो लागेछ । कलकत्ताबाट वैजनाथ धाम पुगी काठमाडौँ जानुथियो । कलकत्ता घुम्दै गरेका समयमा एक ठाउँमा गाई थुपारिएको रहेछ । उनले भनिन्– एउटा पनि गतिलो गाई छैन । मैले सत्य नबोलेको भए पनि हुन्थ्यो, अथवा केही जवावै नदिएको भए पनि हुन्थ्यो– मैले

भनिहालेँ– "यी गाई त काट्न थुपारिएका हुन् ।" उनी त गाईपूजा गर्ने व्यक्ति, दु:खी भइन् ।

यात्रा कष्टमय हुन्छन्, सुखमय पनि हुन्छन् ? उनले धेरै कष्ट त भोग्नुपरेन तर मद्रासमा पुगेपछि म अखबार किन्न गाडीबाट ओलिएको थिएँ, रेलगाडी छुटेछ । उनले कति बिलाप गरिन् होलिन् । मेरो साथमा पैसा थिएन । फसाद त मलाई पनि पऱ्यो । त्यसै क्षणमा एउटा एक्सप्रेस गाडी आइपुग्यो, म चढिहालेँ– र एउटा स्टेसनमा ओर्लिए, हामी हिँड्ने पेसेन्जर गाडी त एक घण्टापछि मात्र त्यहाँ आइपुग्यो, रुँदै गरेकी उनले मलाई स्टेसनमा उनकै प्रतीक्षा गरिरहेको देखिन् । उनलाई कति आश्चर्य सुख भयो होला ! सुखदु:ख क्षणमा आउँछ, क्षणमा जान्छ रुनुहाँस्नु त्यस्तै हो ।

मद्रासमा नै मलाई एक दिन अर्को फसाद आइलाग्यो– पत्नी पछिपछि थिइन्, स्वयम् नियुक्त हुन आएका सहयोगीलाई स्टेसनमा नै छाडी नजिकै सहर घुम्न निस्किएका थियौँ, बेलुकीपखतिर । क्षणभरमा नै पत्नी हराइन् सात मिनेट जति । ती सात मिनेटमा मैले कति कुरा सोचेँ– ती सबै जोडेर सङ्ग्रह गरे एउटा सात घण्टासम्म पढ्न पुग्ने कथा बन्छ । त्यति बेला नै ती सात मिनेटको मनोदशा लेखिहाल्नुपर्ने थियो, लेखिनछु । पहिलो उनको दशा कस्तो होला भन्ने दुर्दान्त कल्पनाको एउटा लामो कथा । दोस्रो, म एक्लै कसरी घर फर्किन सक्छु ? मेरो आफ्नो कथाको वृत्तमा मैले धेरै कल्पनाको खाडल खन्दैखन्दै गएँ, विह्वल चित्त वृत्तिको गतिमा । त्यहाँ म एकै ठाउँमा उभिइरहेँ, आँखामात्रै चारैतिर डुलाएँ, म आफैँ खोज्न हिँडेको भए त विछोड नै हुन्थ्यो होला । उनी त एउटा मन्दिरभित्र पसिछन्– निस्किइन् । सात मिनेटका मेरा छट्पटी वर्णनीय थिए । उनी त्यहाँ न भाषा जान्दथिन् न त ठेगाना बताउन सक्थिन्, मेरो नाम कसले जानेको छ !

चारधाम घुमेका केही वर्षको अन्तरालपछि गङ्गासागर गयौँ । कलकत्ताबाट सागरसम्म पुग्न लामो डुङ्गायात्रा पनि गर्नुपर्ने रहेछ । त्यसपछि एउटा टापुमा पुगियो– त्यसैको किनारसम्म आइपुगेको समुद्रमा मेला भर्ने रहेछ । गङ्गा मिसिएको सागरमा नुहायौँ– यहाँ देवीदेवताका मन्दिर रहेनछन् ।

अर्धाङ्गिनीका आग्रहबाट तीर्थयात्राहरू सम्पन्न भएका हुन् । अन्य प्रसङ्गहरूमा जाँदा धेरै तीर्थहरू म पुगेको थिएँ, तर तीर्थ जाने नै प्रमुख उद्देश्यका रूपमा यो यात्रा भएकाले यसलाई तीर्थयात्राको नाम दिएको हुँ ।

# मायादेवी र दण्ड विधान

मेरा पिताका विद्यार्थीहरू पिता नभएका बेला मलाई नै गुरुका आसन (चकटी)मा राखिदिन्थे, अनि गुरुको छडी मेरो हातमा राखिदिन्थे । म गुरुपुत्रको सम्मान पाउँथेँ । छडी आफैँ काम गर्दथ्यो, मैले त चलाइदिने मात्र हो, हिर्काउने होइन । त्यहाँ सबै मभन्दा ठूलाबडा विद्यार्थीहरू हुन्थे । पिताका अन्तिम दिनतिर मायादेवीले पनि त्यो दृश्य देखेकी हुन् । उनले पनि त्यही मान्यता बनाइछन्– बन्दुक तर्साउनका लागि हो, हिर्काउनका लागि होइन । मसित एउटा बन्दुक छ, तर घरमा गोली छैन । कागले मकै र फल विमाख पारेर खाइदिन्छ, मायादेवी गोली नभएको बन्दूक तेर्स्याउन लगाउँछिन् । काग बन्दुकको इज्जत राखिदिन्छ, भागिदिन्छ । फेरि आउँछ, बन्दुक तेर्स्याउने मान्छे सधैँ भइरहन्न, कागले खेती भुर्कुट पार्छ । कसैले "एउटा काग मारेर झुन्डचाइदिँदा ती सधैँलाई तर्सिन्छन्" भनी सल्लाह दिँदा उनले भनिन्– "त्यसले पनि तर्सिएन भने ?"

उनले ठीकै भनिन्– एउटा गोलीले काम गरेन भने जति गोली हाने पनि काम लाग्दैन, त्यसको सीमा हुन्न । अहिले दण्डहीनता बढ्यो भनेर कराउनेहरू धेरै भए, त्यस्तै सैनिकहरूको आरोप छ– "२-४ गोली हिर्कायो कि बन्दुक तातिहाल्छ ।"

एकपछि अर्को सङ्ख्या आउँछ, सङ्ख्या कहिल्यै टुङ्गिँदैन, गोलीको पनि सङ्ख्या टुङ्गिएन ।

कुनै देशका सैनिकभन्दा तिनका विद्रोही बलिया देखिए । बन्दुक आफैँ लड्ने होइन, जागीर खाएर लड्नेहरूभन्दा इच्छाशक्तिले र आत्म विश्वासले लड्ने विद्रोहीहरू शक्तिवान् हुनु स्वाभाविक छ । शस्त्रमा विश्वास गर्नेहरू लडाइँ जित्दैनन्, मान्छे मार्छन् ।

हाम्रो थोत्रो घरमा मुसाको बिगबिगी छ । हामी खोर पनि थाप्छौँ । कुनै लाटो मुसा कदाचित् परिहाल्यो भने मायादेवी त्यसलाई मार्न दिन्नन् । सबै प्रतिवाद गर्छन्– "नमार्ने भए किन खोर थाप्ने ?" उनी भन्छिन्– त्यसलाई घरभन्दा धेरै टाढा लगेर छाडिदेओ ।" मलाई मुसा भगाउने उनको विचार ठीक लागेको होइन, मुसाको सङ्ख्या त घटेन । म सानो प्रतिवाद गर्थें– "तिमी किसानी गर्छयौ– खन्दा गडचौला मर्ला !"

तर शस्त्रमा म पनि विश्वास गर्दिनँ । मैले आफ्नो थोत्रो बन्दुकका लागि गोलीको जोहो गर्दै गरिनँ, बन्दुक पुनर्नवीकरण गरेर भने राखिछाडेको छु । त्यस्तो गोली नभएको बन्दुकले भुत्ते चुपीको जति पनि काम गर्दैन । तर लाटो कागलाई तर्साउन काम गर्दै छ । मैले विदेश जाँदा साथीहरूको आग्रहमा दुइटा पिस्तोल किनी ल्याइदिएँ तर उनीहरूले लगेनन्, मैले लाइसेन्स बनाएर आफैँसित राखिरहेँ– केही समयपछि सरकारलाई बेचिदिएँ । शस्त्र मान्छेले चलाउने हो निर्धा उपर । मभन्दा निर्धो मैले कसैलाई देखिनँ । मसित शस्त्र भएको भए म अहिलेसम्म जीवित पनि रहने थिइनँ । म धेरै हुलचालमा परेको छु, हुलचालबाट भाग्ने बानी बसेन । हुल चालमा मैले लुकाउने अस्त्रले मलाई बचाउने थिएन । मलाई विश्वास बसिसकेको छ– हुलचालमा ममाथि प्रहार पनि भए । त्यसै हुलबाट प्रतिकार गर्ने पनि निस्किँदो रहेछ । म बाँचेँ । फेरि पनि बाँचेँ, उम्किइरहेँ । नाम, काम र चरित्रभन्दा ठूलो अस्त्र केही छैन । म त्यस्तो ठूलो केही होइन तर मसित विश्वास ठूलो छ– शस्त्रधारीभन्दा निःशस्त्र बलवान् हुन्छ ।

तर मायादेवीजस्तो अतिवादी होइन, पासोमा परेको मुसा पनि मार्न नदिने । जे होस्, हामी पतिपत्नीको बीचमा मतभेदको अन्तर कुनै ठूलो रहेन, फासफुसको भेद हो । त्यत्तिकै फासफुस पनि बढ्दै बढ्दै पारपाचुकेको अवस्थासम्म पतिपत्नीलाई पुऱ्याउँदो रहेछ । नारी त्यति हलुङ्गा हुँदैनन्, विवाहको बन्धन त्यस्तो खर परालको जस्तो पनि हुँदैन । हाम्रो संस्कार बलियो छ । मायादेवी आफ्नो संस्कारकी कट्टर संरक्षिका हुन्, उनी व्रत र तपस्याबाट कहिल्यै विचलित भइनन् । त्यस अक्षय संस्कारको उर्जा परिवारलाई छाडेर गएकी छन् । त्यो भनेको एक अनुशासन र पारिवारिक बन्धन हो । उनले आफ्नो र आफ्ना इष्टमित्रको पारिवारमा सामञ्जस्य स्थापित गराउने कार्यहरू पनि गरेकी छन्, भत्किँदै गरेकालाई अरू चर्काउन खोज्नेहरू हेरेको हेऱ्यै भएका छन् ।

# मायादेवी ! सुकृति, विकृति

हाम्रो समाजमा, संस्कारमा नारी मात्रको पूजा र सम्मान गर्ने चलन छ, तर आफ्नी पत्नीलाई भने निहुराउने, खुट्टा ढोगाउने गरिन्छ । बूढाहरू त स्वास्नीलाई आफ्नो खुट्टाको पानी पनि ख्वाउँथे । स्वास्नीले नखोजे पनि आफैँ खुट्टा तेर्स्याइदिन्थे । त्यो घिन लाग्दो प्रचलन त मैले हटाइदिएँ तर खुट्टा ढोग्ने चलन धेरै कालसम्म रहिरह्यो । म खुट्टा नउचालिदिने उनी निहुरिन नसक्ने भएपछि त्यो झन्झट छुटयो, आफ्नो पाठपूजा सिध्याएपछि मेरो खुट्टा समात्न आइपुग्थिन् । मलाई झर्को लाग्थ्यो । प्रेम पारस्परिक हुन्छ, तर खुट्टा ढोग्ने काम त एकोहोरो– निहुरिएर सम्मान जनाउने कामसम्म ठीकै हो तर त्यो एकले अर्कालाई होच्याउने, हेप्ने अर्थमा लिनु राम्रो होइन । यस्तै प्रवृत्तिले कालान्तरमा दास र मालिकको वर्ग सृष्टि गऱ्यो । म सदा श्रीमतीलाई देवीजी भनी सम्बोधन गर्थें । अर्काकी छोरीसित विवाह गरेँ– बराबरी सम्मानको आधारमा । त्यो त दुवैले निर्वाह गर्नैपर्छ– त्यहाँनिर प्रेममा कर्तव्य पनि जोडिन्छ ।

विवाह आठ प्रकारका हुन्छन् भनी लेखिएको छ । मैले पहिलो उत्तम प्रकारको प्रथम वर्गको विधिद्वारा उनलाई भित्र्याएको हो । उनी घरभित्र भइन् म बाहिरिएँ । आधाको मात्र हकदार भए, पूर्ण स्वतन्त्र थिएँ, स्वतन्त्रता सीमित भयो । यसै पद्धतिले दुइटालाई एकाकार बनाउँछ । प्रेम विवाह दोस्रो वर्ग-प्रकारको भनिन्छ, यसलाई पहिलेपहिले गान्धर्व विवाह भनिन्थ्यो । किनेर, ढाँटेर, छल गरेर सम्पन्न विवाहलाई

आसुरी भनिन्छ । र यो तेस्रो वर्गमा पर्छ । विवाहको प्रकार कुनै कुल र समाजको व्याख्या र परिचय हो ।

हाम्रो समाज सडिसकेको छ, तर त्यसको बीज सडेको छैन । बाहुनले तल्लोतल्लो जातकी स्वास्नी ल्याए पनि ऊ बाहुन रहिरहने, गुरुपुरोहित भइरहन पाइने तर स्वास्नी विचोखी मानिने । अब जातिभेद समाप्त भएकाले सडेको समाजको दुर्गन्ध गयो भनी मान्नु पर्छ । तर विवाहको पवित्रता र उत्तमता कायम राख्नाले हुने लाभ सबैले ग्रहण गर्दा समाजको पुनरुत्थान हुन्छ ।

हाम्रो समाजमा विकृत मात्र होइन, घिन लाग्दा प्रचलन पनि थिए– लोग्नेले छोडेको जुठो थालमा स्वास्नीले खानुपर्ने । बूढो लोग्नेले ऱ्याल र सिँगान चुहाउँदै खाएको थालमा नववधूले खानुपर्ने प्रचलनको विषयमा लेख्ता नै लेखकलाई घिन लाग्ने, पढ्नेलाई उस्तै घिन लाग्ने । तर मेरो र मायादेवीको बीचमा यो परिस्थिति नै आइपरेन । म पनि सात्त्विक त हुँ, तर जसले पकाएर दिएको पनि खाइदिने, उनी नखाने हुनाले स्वत: श्रीमान्‌को थालमा खानुपर्ने स्थिति आइपरेन । यो प्रकारन्तरले छुटचो तर प्रचलन छुटेको होइन ।

पतिपत्नीको बीचमा एकत्व स्थापित गरिराख्नु त्यति सजिलो होइन । आवश्यकताले एकत्व स्थापित हुने होइन, एकत्वले आवश्यकता पूरा गर्छ । म जसले पकाएको छोएको पनि खाने, उनी नखाने । अनि मैले छोएको उनले खाने कि नखाने ? भगवान्‌लाई कसरी बहिस्कार गर्ने ? हाम्रा नारीहरू आफ्ना पतिलाई भगवान् मान्छन्, हो पनि । तर शठ पतिहरू आफू भगवान् त बन्छन् तर पत्नीलाई भगवती मानिदिँदैनन्– त्यहाँ भने डोठचाङ पर्छ । हिजो आज श्रीमान् श्रीमती भनिन्छ । श्रीमान् नभई श्रीमती हुँदैनन्, श्रीमती शब्दको प्रयोग सापेक्षतावादी हो, पराश्रयी जनाउने सम्बन्ध हो । पहिलेपहिले भवान् भवती भनिन्थ्यो । भवती हुन भवान् चाहिँदैन भन्ने कुरा शठहरू पनि बुझ्दै जालान् । अनि महिलाले अर्धाङ्गिनीका

अधिकार स्थापित गर्ने छन् । हाम्रो प्राचीनता आदर्शमय छ । तर त्यसभन्दा अधिक कर्म– सन्निहित छ । यस मान्यतालाई गतिहीन मान्नेहरू अघि दौडन चाहन्छन्, पछारिन्छन् । ती उठ्ता उठ्दै समाज-दौडमा पछि परिहाल्छन् । स्त्रीपुरुषमा अधिकार लेनदेनको विषय होइन, त्यो त प्रकृति बनी अर्धाङ्ग भएको छ । कसले कसलाई अधिकार दिने ? महिलाहरू सिङ्गो गुमाउँछन् आधा माग्छन् । कि पुरुषले माग्न सिकाएको बुझ्दैनन् । मायादेवीले अधिकारवादीका पर्चा नपढीकन अलिकति बुझेकी छन् । उनले आफ्ना लागि आफैँ नियम बनाइन् प्रत्यक्ष छुआछूतमात्र बार्ने । यसरी उनले आफ्नो नियम राखिन्, मलाई स्थापित गरिन् ।

समाजको सुकृतिविकृतिको नियम जटिल छ– सबै मिलेर बस्नुपर्ने समाज पनि जटिल छ । त्यस्तै जटिलतामा बाँधिनु र फुक्तै जानु समाजको अर्थ भएको छ ।

# मायादेवीसँग छुट्टिने दिनहरू

मैले तीन पटक मायादेवीलाई सिद्धिइन् कि भन्ने अवस्थाबाट फर्काएको हुँ, अन्तिम समयमा म ठगिएँ । ६७ सालको फागुन १९ गते बिहान आफ्ना सबै कर्म सिध्याइन्, गाई पनि दुहिछन् । त्यसपछि ज्वरो आयो भनी सुतिन्, मैले लुगा खापिदिएँ र ठूली छोरी इन्दिरालाई बोलाएँ । उनले सिटामोल ख्वाइन्, तातो पानी ख्वाइन्, आराम गराइन्, ज्वरो घटेको अनुभव गरिन् । साँझतिर फेरि ज्वरो आयो तर उनी टाठै थिइन् । भोलिपल्ट बिहान हामीले अस्पताल लैजाने विचार गर्‍यौँ, डा.काका उपेन्द्र देवकोटाले दिउँसो ल्याउने सल्लाह दिनुभयो । बिहान आउने आगन्तुकहरूसित उनी बात मारिरहेकी थिइन् । उनलाई सिँढीमा त केशवले बोकेर झार्‍यो तर त्यहाँबाट मोटरसम्म पुग्न हिँड्नुपर्ने सवा सय कदम जति उनी आफैँ हिँडेर गइन्, केशवले अलिकति आड मात्र दिएको हो । म आफैँ पनि सन्चो नलागेर सुतिरहेको थिएँ, तर त्यस्तो असक्त होइन, छोरीसँगमा नभएकी भए म नै उनलाई लिई अस्पताल जान्थेँ । अघिल्लै दिन डाक्टरको सल्लाह लिइहाल्नुपर्ने रहेछ भन्ने पश्चात्ताप भने मलाई सधैँ रहिरहने छ । हेरचाह गर्ने छोरी र छोरा सलिल, केशव, ज्वाइँ केशव शर्मा र जगन्नाथ पनि भएकाले म सँगै अस्पताल गइन । न्यूरो अस्पतालमा डाक्टर काकाकै प्रत्यक्ष रेखदेखमा केही दिन पहिलेमात्र एक महिना बसिआएकी हुनाले त्यहीँ उनको विषयमा बुझ्ने अस्पताल परिवार थियो । तर डा.काकाले

बिरामीलाई आफ्नो अस्पतालबाट हृदय रोग अस्पतालमा लिएर जानुभएछ । त्यहाँ जाँच गर्दा निमोनियाँ देखिएको र त्यसबाट मुटुलाई पनि असर परेको देखिएछ– उपचार लागेन । बिरामीलाई अस्पतालमा छाडेर डा.काका र काकी मलाई भेट्न घर आउनुभयो– बेलुका आठ बजिसकेको थियो । उहाँहरूको आगमन नै मलाई एक मौन सन्देश थियो– बिरामीको अवस्था गम्भीर छ । मैले सोधेँ– ईश्वरलाई बोलाउँ कि ? उहाँहरूले भन्नुभयो– यो रात हेरौँ । डाक्टरले एक रातको म्याद दिनुभयो, तर उनी यथावत् अस्पतालमा कुरा गर्दै रहिछन् । उनलाई कुनै कष्ट महसुस भएको रहेनछ । घर फर्किने होइन पनि भनिछन् । सघन उपचार कक्षामा कुरुवामा केशव थियो, उनी बोल्न छाडिछन् मात्र, छटपटाएकी पनि होइनन् । छोरी इन्दिरा घर आएकी मात्र थिइन्, तुरुन्तै जान हतपत गरिन् । उनले भनिन्– सघन उपचार कक्षबाट भेन्टिलेटरमा राख्ने भनी खबर आयो । मैले मनमनै भनेँ– त्यो व्यर्थ छ, डाक्टर मलाई भेट्न आएपछि नै आश मारिसकेको थिएँ । कुरा गर्न छाडेको केवल १० मिनेट मात्र भएको थियो, भेन्टिलेटरमा राख्न नपाउँदै उनको अन्त्य भएछ । सबै जना अस्पतालमै भएकाले कोही मलाई लिन आउँला भनी बाटो हेरिरहेको थिएँ । एकै पटक सबै रुँदै आइपुगे– राती १२ बज्दै थियो ।

ईश्वरले आमालाई अस्पताल लगेको खबर पाइसकेका थिए, डाक्टर काकाले खबर दिनुभएको रहेछ । डाक्टर र ईश्वर एउटै उमेरका साथी थिए, घरको सञ्चो बिसञ्चोको हालखबर डाक्टरबाट पाइरहन्थे । मैले उनलाई फोन गरेँ, यस विषयमा मैले उनले भनेबमोजिम गरिदिनुपर्दथ्यो– “दाहसंस्कार म सम्पन्न गरौँ कि तिमी आउँदासम्म प्रतीक्षा गरौँ । उनले भने– “म आएपछि मात्र ।”

तेस्रो दिन ईश्वर कमला आइपुगे । उनको निष्प्राण शरीर डाक्टर काकाको व्यवस्थामा न्यूरो अस्पतालमा राखिएको थियो–

आर्यघाट चलान गर्नुपूर्व उनलाई त्यहाँ हेरे, एउटा माला अर्पण गरेँ, डाक्टरले मलाई अस्वस्थ देखेर त्यहीँबाट घर गई आराम गर्ने सल्लाह दिनुभएको हो तर आर्यघाटसम्म गएँ, केही क्षण बसी इष्टमित्रहरूको समक्ष शिर झुकाई अभिवादन गरेँ र घर फर्किएँ, मुण्डन गरेँ, सुतेँ । उनले के लगिन् होला ? त्यो मलाई थाहा हुन सक्दैन । तर उनले मलाई धेरै दिएर गएकी छन् । उनको संस्मरणले मेरो भित्र आफ्नै घर बनाएको छ । मैले कतै आश्रय वा उज्यालो भेटिन भने त्यसै घरभित्र पस्छु– मलाई आनन्द लाग्छ । त्यो घर नै मलाई रमाइलो संसार लाग्छ, जीवनको लामो चित्रपट उज्ज्वल भएर पल्टिन्छ– एक पत्र दुई पत्र तीन पत्र अनन्त आउँछ जान्छ । मान्छे हृदय भएको चेतनशील प्राणी हो, आफ्ना प्रियजनलाई बिर्सिन सक्तैन, प्रियतमलाई झन कसरी बिर्सिन सक्छ । बिर्सिन सक्नु मनुष्य सत्य होइन । उनी १९९९ को माघमा मेरी अर्धाङ्गिनी हुन आएकी थिइन् २०६७ को फागुनमा उनले मलाई अर्धाङ्ग छाडिन् । बिर्सिएर शान्ति पाइन्न, सम्झिएर सान्त्वना पाइन्छ । म यी बितेका ६८ वर्षको कथा लेखिरहेछु, बिर्सिएका सानातिना घटना पनि अहिले झल्झल्ती अगाडि उपस्थित हुन्छन् । मानौ ती आफू नछुटौँ भन्न खोज्छन् । त्यहाँ वियोगका व्यथा बिलाउँछन् । कथाजीवन पूरा हुन सानातिना घटनाको पनि महत्त्व छ । ठूलो घरमा सानासाना अन्तराप र छेस्किनीको महत्त्व भएजस्तै । साना मान्छेको जीवनमा ठूलो घटना नै के हुन्छ ? मायादेवीको साधारण जीवनी परिवारलाई प्रेरणादायी रहेको छ । एउटा परिवारको माउले छोडेर जाने नै यही र यत्ति होला । उनलाई चिन्ने इष्टमित्रहरूलाई पनि उनी राम्रै लाग्थिन् होला । किनकि जीवनभर उनले कसैको अहित चिताउन परेन, सकेको हित नै गरिन् होला ।

जो आफ्नो कमाइमा बाँच्यो उसले स्वर्गीय सुख र आनन्द यहीँ भोग्यो, नदेखेको स्वर्गको सुख आनन्द खोजिरहन पर्दैन । आफू

आफैँले निर्धारित गरेको अनुशासन र नियममा बस्ने उनको चरित्र आगन्तुकहरू अनुकरणीय रहेको अभिव्यक्ति दिन्थे ।

महापुरुषहरूको जीवनी चामत्कारिक, रोमाञ्चक र आदर्शयुक्त हुन्छ तर त्यो सर्वसाधारणलाई कति अनुकरणीय हुन्छ ? वस्तुतः समाजलाई सर्वसाधारणले नै केही दिन सक्ला । त्यसैमा मायादेवीको स्थान छ ।

# मायादेवी र म को पहिले ?

मैले आफैँले कमाएका साथीहरू र नातासम्बन्धले बन्न आएका इष्टमित्रहरू पातलिँदै गए– स्वभावत: मायादेवी र मेरो बीचमा पनि को पहिले भन्ने गफ चलिहाल्यो । आफ्नो वशमा नभएको विषयमा कुरा उठायौ भनी मैले उनको कुरामा रुचि लिइनँ । एक दिन त उनले भनिहालिन्, म त पछि हुँदैहुन्न । कि पहिले हुन्छु, नभए सँगै हुन्छु । अरू सबै कुरा तिम्रा मैले मानिदिएकै छु– यो त न तिमीले चाहेर हुने कुरा हो न मैले मानिँदैमा हुने हो । उनले भनिन्– “किन होइन ? म पछि बस्न पर्‍यो भने एक टिन घिउले नुहाउँछु, त्यसमा एउटा काँटी सलाहीले म सँगै भइहाल्छु ।”

मैले भनेँ– “यस्ता जबर्जस्ती कुरा नगर, तिमी नै पहिले होउली, माया ?”

उनले भनिन्– “त्यसै हो ।”


तर उनको स्वास्थ्य राम्रो थियो काम गरिरहन्थिन्, थाक्तैन थिन् । म एक छिन काम गरेँ भने थाक्तथेँ । त्यो सबै विचार गर्दा उनी अघि हुन्नन् भन्ने मलाई लागेको थियो । तर उनले लडेर हात भाँचिन्, निको त भइन् हात पनि लाग्यो । टाउका भित्र कुनै चोटपटक रहेनछ । तर साविकबमोजिम उनमा उर्जा भरिएन । सामान्य काम पहिले जस्तै गर्दथिन् तर सूक्ष्म रूपले । ताकेको काम भ्याउन नसक्ता दु:खी हुन्थिन् । शरीरको तौल ठीकै छ, उनमा उर्जा

र स्फूर्ति भने घट्तै गएको अनुभव गरेँ । त्यस बेलादेखि भने उनले जे चाहेकी हुन् त्यस्तै हुन्छ कि ? भन्ने लागेको थियो, भयो पनि त्यस्तै । तर त्यति छिट्टै भने कल्पना गरेको थिइनँ ।

घरपरिवारप्रति मेरोभन्दा उनैको बढी मायामोह थियो । म उनीउपर मायाभन्दा बढी कर्तव्य गर्ने, उनी मायामात्र– जुन धेरै गाढा थियो, जसको नाप हुँदैन, कर्तव्यको त गणित पनि हुन्छ । मायाको अपेक्षा कर्तव्य प्रेम फोस्रो र हलुङ्गो परिहाल्छ । परिवार, धरती, खेती, इष्टमित्रउपर उनको गहिरो मायामोह थियो । त्यो देखेर मैले एउटा धारणा नै बनाएको थिएँ– जसमा ती गुण छन् उसैलाई बसिरहने अधिकार छ । मान्छे स्पृहाले बाँच्नुपर्छ, बाँच्छ पनि । निस्पृहले धरतीमा बाँचिरहने के अर्थ हुन्छ ? एउटा गृहस्थ निष्पृह भई काम गर्न सक्तैन, नि:स्वार्थ सेवाकार्यसम्म गर्न सक्छ ।

सिद्धहरू भनिदेलान्– "मान्छेका सबै वस्तु र व्यवहार एक माया हो, अर्थात् भ्रममात्र हो ।" यसबाट बुझिन्छ– यो संसार मायामा अडिएको छ, माया नै निर्माण हो । मायादेवी मायाकी एक प्रतीक थिइन् । मलाई त्यस मायाले छाडिदिएको छ, म अब के संसारी रहेँ ? म अर्धाङ्ग भएँ, तर बाहिरबाट हेर्नेले मलाई सबुत नै देख्ने छ । यस्तै हुन्छ भ्रम अर्थात् माया ।

**उनले माया गरिन्**
**मैले कर्तव्य प्रेम गरेँ**
**पत्नी बनी उनी आइन्**
**मैले प्रेम गर्नु कर्तव्य सम्झेँ**
**तर उनी माया बनी मेरा अन्तरमा पसिन्**
**माया भित्र पस्यो प्रेम बाहिरियो**
**उनको माया मेरो भित्र नै लिपिएछ**
**लिपिमा म के उतारूँ**
**छैनन् भन्नु भ्रममात्र हो ।**




## राजेश्वर देवकोटा

**जन्म**
संवत् १९८६ असोज २३ गते, गोरखा (नेपाल)

**शिक्षा**
स्नातक

**कृति**
चौध वटा पुस्तक
(उपन्यास, निबन्ध, प्रबन्ध, कथा, कविता, जीवनी, व्याकरण)

**विभूषण र पुरस्कार**
- त्रिशक्तिपट्ट (प्रथम)
- भानुभक्त पुरस्कार
- मदन पुरस्कार
- साझा पुरस्कार
- बालचन्द्र पुरस्कार

**अनुभव**
- सदस्य, प्रथम राष्ट्रिय योजना आयोग
- सभापति, गोरखा जिल्ला पञ्चायत
- सहायक मन्त्री
- अध्यक्ष, राष्ट्रिय पञ्चायत (दुई पल्ट)
- मन्त्री
- सदस्य, राष्ट्रियसभा (सांसद)

**भ्रमण**
- नेपालका चौध अञ्चलका सत्तरी जिल्लाहरू
- विश्वका प्रमुख देशहरू